नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
योजना तथा जग्गा प्रशासन
(.......................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ३/७१/०६५/०८०
प्राप्त पत्र संख्या:- .................
च.नं.:- ४९२

मिति: २०८०।०३।१७

विषय: **RMIS मा सेवा लिएको स्थिति जनाउने सम्बन्धमा ।**

श्री नापी कार्यालय सबै ।

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्र संख्या ३.१/नि.यो/२०७९/०८०, च.नं. २५९/१४६९ मिति २०८०/०३/११ को पत्रसाथ श्री महालेखा नियन्त्रक कार्यालयको च.नं. ३२० मिति २०८०/०३/०७ को पत्र प्राप्त भएको छ । सो सम्बन्धमा RIMS (Revenue Information Management System) बाट सेवा प्रवाह गर्दा राजस्व लिइ सेवा दिए पश्चात सेवा लिइसकेको स्थिति प्रणालीमा समेत जनाउने व्यवस्था गर्न/गराउन हुन भनि उल्लेख भई आएको हुँदा सोही अनुसार गर्नु हुन प्राप्त पत्रहरु संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ । साथै हालसम्म RIMS कार्यान्वयन गर्न बाँकि कार्यालयहरुले उक्त प्रणाली कार्यान्वयन गर्न समेत जानकारी गराइन्छ ।

२०८०।३।१७

(गोविन्द घिमिरे)
नापी अधिकृत

<u>सादर अवगतार्थ</u>
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार काठमाडौं ।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः ३.१/नी.यो./२०७९/८०

च.नं. २२५ / १४६५

मितिः २०८०/०३/११

विषयः **RMIS मा सेवा लिएको स्थिति जनाउने सम्बन्धमा ।**

श्री राष्ट्रिय भूमि आयोग, ताहाचल।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग,बबरमहल, काठमाडौं ।

श्री नापी विभाग,मीनभवन, काठमाडौं ।

श्री सहकारी विभाग, नयाँबानेश्वर ।

श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।

उपरोक्त विषयमा महालेखा नियन्त्रक कार्यालयको च.नं. ३२० मिति २०८०/०३/०७ को पत्रबाट RMIS बाट सेवा प्रवाह गर्दा राजश्व लिई सो वापत सेवा दिए पश्चात सेवा लिइसकेको स्थिति प्रणालीमा समेत जनाउने व्यवस्था गर्न/गराउनु हुन भनी उल्लेख भई आएको पत्रको प्रतिलिपि यसै साथ संलग्न गरी तँहा विभाग र मातहतका निकायहरुबाट सोही बमोजिम गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ।

२०८०/०३/११

(ई. आशिमरा दाहाल)

नापी अधिकृत

नापी विभाग
दर्ता नं. २५८४
प्राप्त मिति २०८०/३/१२

०/८

फोनः ४२११६६६, ४२११७९७,इमेल ठेगानाः planning@molcpa.gov.np, Website: www.molcpa.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

**कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा**

पत्र संख्या: २०७९/८०/४.१

मिति: २०८०।०३।०७

चलानी नं.: ३२०

**विषय: RMIS मा सेवा लिएको स्थिति जनाउने सम्बन्धमा ।** २९६३ ०८०।३।१०

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सबै मन्त्रालय ।

नेपाल सरकारलाई प्राप्त हुने राजस्व Revenue Management Information System (RMIS) मार्फत संकलन गर्ने सबै सरकारी कार्यालयहरुले अनलाईन (Online), बैंक भौचर र नगदको रुपमा राजश्व संकलन गर्दै आईरहेकोमा राजस्व संकलन गर्ने अधिकांश कार्यालयहरुले राजस्व लिई सो वापतको सेवा दिए पश्चात पनि प्रणालीमा रहेको सेवा लिईसकेको स्थिति जनाउने गरि प्रणालीमा रेजा नलगाएको पाईएकोले यसरी सेवा दिएपश्चात पनि उक्त रेजा नलगाउदा सो भौचरबाट सेवा नलिएको भन्ने स्थिति RMIS मा देखिरहने जसले सेवाग्राहीले सोही भौचरबाट सोही प्रकृतिको वा भौचरमा संशोधन गरि एक भन्दा बढी पटक सेवा लिन सक्ने जोखिम हुने हुनाले प्रणालीमा भएको सो व्यवस्थाका सम्बन्धमा यस कार्यालयको मिति २०८०।०३।०५ गते देहाय बमोजिम हुनेगरि मन्त्रालयहरु मार्फत मातहतका कार्यालयहरुलाई निर्देशन दिन संघीय मन्त्रालयहरुलाई पत्राचार गर्ने निर्णय भएकोले सोही अनुसार मातहतका कार्यालयहरुलाई निर्णय कार्यान्वयनका लागि पत्राचार गरिदिनुहुन अनुरोध छ ।

क) राजश्व संकलन गर्ने निकायको विद्युतीय प्रणाली यस कार्यालयको RMIS सँग अन्तरआवद्धता भएको अवस्थामा सम्बन्धित निकायको प्रणालीबाट सेवा प्रवाह भए पश्चात सेवा लिएको जानकारी Automatic RMIS मा प्राप्त भई RMIS को राजश्व भौचरमा **"सेवा लिएको"** मा रेजा लगाउने गरी प्रणालीमा व्यवस्था गर्ने ।

ख) राजस्व संकलन गर्ने निकायको छुट्टै प्रणाली विकास गरि संचालन नगरेको अवस्था वा प्रणाली विकास गरेको तर RMIS प्रणालीसँग अन्तरआवद्धता नगरेको कार्यालयले सेवा प्रवाह गर्दा सेवा प्रवाहको बिन्दुमा नै RMIS मा "सेवा लिएको" मा अनिवार्य रेजा लगाउने व्यवस्था गर्ने ।

ग) यदि सेवा दिए पश्चात प्रणालीमा अभिलेख नराखेका कारण दोहोरो सेवा दिएमा वा बैंकमा भुक्तानी नभएको भौचरबाट सेवा पाएमा सेवा दिने अधिकारी नै जिम्मेवार हुने ।

(विष्णु प्रसाद बेलबासे)
लेखा अधिकृत

बोधार्थ: श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: treasury@fcgo.gov.np, Website: www.fcgo.gov.np